# जेबिल्स फाइनान्स लिमिटेड

## न्यूरोड, काठमाण्डौं

विशेष साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट)

१. वैधानिक सभा :

जेबिल्स फाइनान्स लिमिटेडको सञ्चालक समितिको मिति २०७४ आषाढ ६ गते बसेको १४४ औं बैठकको निर्णयानुसार बोलाइएको विशेष साधारण सभा सञ्चालक समितिको अध्यक्ष श्री बिनोद कुमार मानन्धरज्यूको सभापतित्वमा देहाय बमोजिमको निर्णय गरी सम्पन्न भयो ।

२. सभाको मिति, स्थान र समय :

मिति : २०७४ आषाढ २३ गते (तदनुसार जुलाई ०७, २०१७) शुकबार ।

समय : अपरान्ह १२:१५ बजे

स्थान : कालिमाटी ब्यान्क्वेट, कालिमाटी, काठमाण्डौ । (सीता पेट्रोल पम्पसंगै )

३. साधारण सभाको सूचना तथा प्रकाशनः

विशेष साधारण सभा बस्ने बारेको सूचना प्रथम पटक मिति २०७४ आषाढ ७ गते नागरिक राष्ट्रिय दैनिक र दोश्रो पटक मिति २०७४ आषाढ १८ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सभामा उपस्थित हुने जानकारी प्रकाशित गरिएको थियो ।

४. विशेष साधारण सभाका छलफल विषयसूची :

**क) बिशेष प्रस्तावहरु :**

१. संचालक समितिले सिफारिस गरे अनूसार सातौं वार्षिक साधारण सभाले पारित गरे बमोजिम कायम रहेको चुक्ता पूंजी रु.२८,८९,५६,२५०/को १ बराबर १ हकप्रद शेयर निष्काशन पश्चात हुन आउने चुक्ता पूंजी रु.५७,७९,१२,५००/को पुनः ४० प्रतिशत का दरले हुन आउने रु.२३,११,६५,०००/ बराबरको हकप्रद शेयर जारी गर्ने र सो कार्य गर्नको लागि आवश्यक पर्ने सम्पूर्ण काम कारवाही गर्नको लागि संचालक समितिलाई अख्तियार प्रदान गर्ने । यसरी ४० प्रतिशतको अनुपातवाट हकप्रद आधार हिसाब गर्दा खण्डीकृत भएमा त्यसलाई १ अंक गणना गर्ने गरि हकप्रद शेयर संख्या गणना गर्ने ।

२. यस वित्तीय संस्था र अन्य कुनै पनि उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती/समाहित (Acquisition) गर्ने, गराउने तथा गाभ्ने, गाभिने वा प्राप्ती समाहित सम्बन्धी आवश्यक सम्झौता गर्ने, सम्पत्ति तथा दायित्वको मुल्याङ्कन (Due Dilligence Audit) गर्न मुल्याङ्कनकर्ता नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने, गाभिने वा प्राप्ती समाहित सम्बन्धी सम्पूर्ण कार्य गर्न एवं प्रकृया पुरा गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

३. संस्थाको प्रबन्ध पत्र संशोधन सम्बन्धी प्रस्ताव पारित गर्ने ।

४. संस्थाको प्रबन्ध पत्र संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम कुनै कैफियत भएमा सो संशोधन गर्नको लागि संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।

५. उपस्थिती :

५.१ संचालकहरुको उपस्थितिः

| | |
|---|---|
| (क) श्री बिनोद कुमार मानन्धर | अध्यक्ष |
| (ख) श्री बिनोद श्रेष्ठ | सञ्चालक |
| (ग) श्री गोपाल राजभण्डारी | सञ्चालक |
| (घ) श्री अच्यूत रत्न बज्राचार्य | सञ्चालक |
| (ङ) श्री उमेश नकर्मी | सञ्चालक |
| (च) श्री सुशिल राम माथेमा | व्यवसायिक सञ्चालक |

JEBIL'S FINANCE LIMITED

५.२ शेयरधनीहरुको उपस्थितिः

(क) स्वयम उपस्थित शेयरधनीहरुको संख्या : २७८

(ख) प्रतिनिधि मार्फत उपस्थित शेयरधनीहरुको संख्या : ४४

(ग) जम्मा उपस्थित शेयरधनीहरुको संख्या : ३२२

६. गणपूरक संख्या :

| जम्मा | | स्वयं उपस्थित | | प्रतिनिधि पत्रद्वारा उपस्थिति | | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|
| शेयरधनी संख्या | शेयर संख्या | शेयरधनी संख्या | शेयर कित्ता | शेयरधनी संख्या | शेयर कित्ता | |
| २५०२ | २८,८९,५६२.५० | २७८ | १४,६६,४२३ | ४४ | ३,०१,२८५ | ६१.१८ |

७. सभाको बैधानिकता :

सर्वप्रथम सभा उद्घोषकले कम्पनी ऐन २०६३ तथा यस वित्तीय संस्थाको नियमावली बमोजिम साधारण सभा बोलाईएको र कम्पनी ऐन २०६३ को दफा ७३ तथा वित्तीय संस्थाको नियमावली अनुसार साधारण सभा सञ्चालन गर्न गणपुरक संख्या पुगेको सभालाई अवगत गराए पछि सञ्चालक समितिका अध्यक्ष श्री बिनोद कुमार मानन्धरज्यूको सभापतित्वमा सभा विधिवत सञ्चालन गरियो ।

८. छलफलको लागि आह्वान :

बिशेष साधारण सभामा निर्धारित प्रस्तावहरुको विषय सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरुप छलफलका लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई सहभागी हुन सभापतिज्यूले अनुरोध गर्नु भयो ।

९. सभामा उपस्थित शेयरधनीहरुको मन्तव्य, राय, सुझाव :

छलफलमा निम्न बमोजिम शेयरधनी महानुभावहरुले मन्तव्य, राय, तथा सुझावहरु व्यक्त गर्नुभयो ।

१. अमिर दास रन्जीत

२. उद्धव प्रसाद घिमिरे

३. डम्मरु बल्लभ घिमिरे

४. कृष्ण प्रसाद अधिकारी

५. महेन्द्र बहादुर श्रेष्ठ

६. रोज कुमार श्रेष्ठ

७. शिव प्रसाद शर्मा

१०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुबाट सामुहिक रुपमा व्यक्त गर्नु भएको सुझाव, जिज्ञासा र मन्तव्य

- १:१ Right Share कहिले सम्म आउने जानकारी गराउनु पर्ने ।
- ८० करोड पूंजी पुऱ्याउने Finance कम्पनीहरु थोरै मात्रामा बाँकी हुने हुनाले आउँदा दिनहरुमा यस संस्थाको पनि भविष्य राम्रो हुने तसर्थ भविष्यमा गर्ने राम्रा राम्रा कार्य योजना बनाउन आवश्यक हुने ।
- १:१ र ४०% Right Share दिई सकेपछि पनि Merger गर्नु परेमा Swap Ratio र कर्मचारीहरुको सम्मानजनक समायोजनको अवस्थालाई ध्यान दिनुपर्ने ।
- बैंक तथा वित्त कम्पनीहरुको अझ पूंजी बढाउने सम्भावना रहेकोले समयमै Merger वा Acquisition गर्दा राम्रो हुने ।

JEBIL'S FINANCE LIMITED

- भविष्यमा ठूल्ठूला बैंकहरुले सानो सानो एकाईमा ऋण प्रवाह गर्न असम्भव जस्तै देखिएकोले मध्यम वर्गियलाई छिटो छरिटो सेवा प्रदान गर्न हाम्रो जस्तो वित्त कम्पनी रहिरहनु अत्यावश्यक भएको ।
- संस्थाको पूंजी ८० करोड पुगि सके पछि राम्रा राम्रा लगानीको क्षेत्र पहिचान गरी व्यवसाय बढाउनु पर्ने ।

११. शेयरधनी महानुभावहरुवाट प्रस्तुत गर्नुभएको मन्तव्य, जिज्ञासा, सुझाव तथा प्रश्नहरु प्रति संचालक समितिकातर्फबाट अध्यक्ष तथा सभाका सभापती श्री विनोद कुमार मानन्धरले दिनु भएको प्रत्युत्तर सारांश निम्नानुसार प्रस्तुत गरिएको छ ।

यस सम्मानित सभामा उपस्थित शेयरधनी महानुभावहरुवाट प्रकट भएका अमुल्य राय सुझावहरुको लागि धन्यवाद । उक्त राय सुझावहरुलाई मध्य नजर गर्दै १ बराबर १ Right share को सबै प्रकृया भईसकेको धितोपत्र बोर्डको Final approval मात्र आउन बांकी रहेको अवगत गराउन चाहन्छौ । पूंजी बृद्धि पश्चात पनि सम्मानजनक swap ratio पाएमा सकेसम्म "क" वर्गसंग merger/Acquisition को लागि सोचिने समेत अवगत गराउन चाहन्छौं । साधारण सभाको Minute राष्ट्रिय दैनिक पत्रिकामा छापिनुका साथै कम्पनीको वेभ साईटमा समेत राखिएको जानकारी गराउंदछौं । यस संस्थाको संचालक समितिको संख्या BAFIA मा व्यवस्था भए भन्दा बढि नभएकोले Board को Structure मा कुनै परिवर्तन गर्न नपर्ने जानकारी गराउंदछौं । पूंजी ८० करोड पुऱ्याई सकेपछि पनि राम्रा कम्पनीसंग merger/Acquisition गर्न समय लागेमा विभिन्न उपायहरुको अवलम्वन गर्दै व्यवसाय बढाउदै बढि भन्दा बढि नाफा गर्दै जाने संचालक समितिको उदेश्य रहको जानकारी गराउंदछौं । कम्पनीको नाफा समयमै Book गर्ने सम्बन्धमा लगनशील कर्मचारीहरु लागि परेको तथा चौथौं त्रैमासिकको Report सकेसम्म चांडो प्रकाशित गर्ने समेत जानकारी गराउंदछौं ।

१२. पारित निर्णयहरु :

(क) विशेष प्रस्ताव तर्फ :

(१) संचालक समितिले सिफारिस गरे अनुसार सातौं वार्षिक साधारण सभाले पारित गरे बमोजिम कायम रहेको चुक्ता पूंजी रु.२८,८९,५६,२५०/को १ बराबर १ हकप्रद शेयर निष्काशन पश्चात हुन आउने चुक्ता पूंजी रु.५७,७९,१२,५००/को पुन: ४० प्रतिशत का दरले हुन आउने रु.२३,११,६५,०००/ बराबरको हकप्रद शेयर जारी गर्ने र सो कार्य गर्नको लागि आवश्यक पर्ने सम्पूर्ण काम कारबाही गर्नको लागि संचालक समितिलाई अख्तियार प्रदान गर्ने । यसरी ४० प्रतिशतको अनुपातवाट हकप्रद आधार हिसाब गर्दा खण्डीकृत भएमा त्यसलाई १ अंक गणना गर्ने गरि हकप्रद शेयर संख्या गणना गर्ने निर्णय गरियो ।

(२) यस वित्तीय संस्था र अन्य कुनै पनि उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती/समाहित (Acquisition) गर्ने, गराउने तथा गाभ्ने, गाभिने वा प्राप्ती समाहित सम्बन्धी आवश्यक सम्झौता गर्ने, सम्पत्ति तथा दायित्वको मुल्याङ्कन (Due Dilligence Audit) गर्न मुल्याङ्कनकर्ता नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने, गाभिने वा प्राप्ती समाहित सम्बन्धी सम्पूर्ण कार्य गर्ने एवं प्रकृया पुरा गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

JEBILS FINANCE LIMITED

(३) प्रबन्ध पत्र संसोधनका सम्बन्धमा देहाय बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

## प्रबन्धपत्र तर्फ

| सम्बन्धित दफा | साविक व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| दफा ६ मा (ख) संसोधन | (ख) वित्तीय संस्थाले तत्काल जारी गर्ने शेयर पूंजी ५७,७९,१२,५००।-(सन्ताउन्न करोड उनासी लाख बाह्र हजार पांच सय) हुनेछ । जसलाई प्रति शेयर रु.१००।- (एक सय रुपैयां) दरको ५७,७९,१२५/-(सन्ताउन्न लाख उनासी हजार एक सय पच्चीस) थान साधारण शेयरमा विभाजन गरिनेछ । | (ख) वित्तीय संस्थाले तत्काल जारी गर्ने शेयर पूंजी ८०,९०,७७,५००।- अस्सी करोड नब्बे लाख सतहत्तर हजार पांच सय) हुनेछ । जसलाई प्रति शेयर रु.१००।- (एक सय रुपैयां) दरको ८०,९०,७७५/-(अस्सी लाख नब्बे हजार सात सय पचहत्तर) थान साधारण शेयरमा विभाजन गरिनेछ । | हकप्रद शेयर निष्काशन पश्चात पूंजी बृद्धि हुने भएकोले । |
| दफा ६ मा (ग) संसोधन | (ग) वित्तीय संस्थाको तत्काल चुक्ता पूंजी ५७,७९,१२,५००।-(सन्ताउन्न करोड उनासी लाख बाह्र हजार पांच सय) हुनेछ । जसलाई प्रति शेयर रु.१००।- (एक सय रुपैयां) दरको ५७,७९,१२५/-(सन्ताउन्न लाख उनासी हजार एक सय पच्चीस) थान साधारण शेयरमा विभाजन गरिनेछ । | (ग) वित्तीय संस्थाको तत्काल चुक्ता पूंजी ८०,९०,७७,५००।- अस्सी करोड नब्बे लाख सतहत्तर हजार पांच सय) हुनेछ । जसलाई प्रति शेयर रु.१००।- (एक सय रुपैया) दरको ८०,९०,७७५/-(अस्सी लाख नब्बे हजार सात सय पचहत्तर) थान साधारण शेयरमा विभाजन गरिनेछ । | हकप्रद शेयर निष्काशन पश्चात पूंजी बृद्धि हुने भएकोले । |

(४) साधारण सभाद्धारा स्विकृत प्रबन्ध पत्र संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम कुनै कैफियत भएमा सो संशोधन गर्नको लागि सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

अन्तमा सभाको सभापतित्व गर्नु हुने सञ्चालक समितिको अध्यक्ष श्री बिनोदकुमार मानन्धरबाट आ-आफ्नो अमूल्य समय दिई उपस्थित भई यस सभामा प्रस्तुत विषय सूचीहरुमा छलफल गरी निर्णय उपर महत्वपूर्ण भूमिका निर्वाह गर्नु भई सभालाई सफल पारि दिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, अन्य महानुभावहरु लगायत नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, नेपाल वित्तीय संस्था संघ, आन्तरिक राजस्व कार्यालय, आन्तरिक तथा बाह्य लेखापरीक्षक, विभिन्न संघ संस्था लगायत सम्पूर्ण शुभचिन्तकहरु तथा वित्तीय संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई समेत धन्यवाद दिनु भई विशेष साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

..............................
कम्पनी सचिव
जितेन्द्र लाल नकर्मी

JEBIL'S FINANCE LIMITED

..............................
अध्यक्ष
विनोद कुमार मानन्धर